आज मिति २०७६।१२।१० गते यस बर्दिया जिल्लामा नोबेल कोरोना भाइरस COVID-19 को संक्रमण, जोखिम नियन्त्रण उपचार तथा अत्यावश्यकिय व्यवस्थापकिय प्रबन्ध सम्बन्धमा प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षता र देहाय बमोजिमको उपस्थितिमा बैठक बसियो।

उपस्थिति

श्री प्रेमलाल लामिछाने, प्रमुख जिल्ला अधिकारी
माननिय संजय कुमार गौतम
माननिय बिमला वि.क.
श्री शंकर प्रसाद थापा, जि.स.स. प्रमुख
श्री सालिकराम अधिकारी, बाँसगढि न.पा. प्रमुख
श्री दुर्गा बहादुर थारु, बारबर्दिया न.पा. प्रमुख
श्री घननारायण श्रेष्ठ, ठाकुरबाबा न.पा. प्रमुख
श्री मुक्तिनाथ यादव, गुलरिया न.पा. प्रमुख
श्री गेहेन्द्र बहादुर के.सी. मधुवन न.पा. प्रमुख
श्री शिव प्रसाद थापा, राजापुर न.पा. प्रमुख
श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गा.पा. अध्यक्ष
श्री जमानसिंह के.सी., गेरुवा गा.पा. अध्यक्ष
श्री राजेशनाथ बास्तोला, प्रहरी उपरीक्षक, जि.प्र.का.
श्री बसन्तराज अधिकारी, प्र.प्र.अ. राजापुर न.पा.
श्री ओपेन्द्र रावत के.सी. र. [illegible] अ. जि.का.
श्री राजु शाह, शसस्त्र प्रहरी नायब उपरीक्षक बर्दिया
श्री गोकर्ण गिरी, जिल्ला स्वास्थ्य कार्यालय
श्री नारायण प्र. ढकाल, प्र.अ. जि.प्र.का.
श्री सुभाष पाण्डेय, मे.सु., बर्दिया अस्पताल
श्री श्यामु शाही, मे. भैरव प्रसाद गण सुरक्षा गुल्म
श्री रुपन ज्ञवाली, स.प्र.जि.अ. [illegible]
अमृत खरेल प्र.प्र.अ. बढैयाताल गा.पा.
रामचन्द्र थापा उपसभापति नेपाल रेडक्रस बर्दिया
बालकृष्ण अधिकारी, प्रशासकिय अधिकृत जिल्ला प्रशासन कार्यालय बर्दिया
गंगाराम अधिकारी ज.अ. जिल्ला प्रशासन कार्यालय

निर्णयः

सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०७६।१२।०७ गतेको संम्बोधन, नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६।१२।०९ गतेको निर्णय, गृह मन्त्रालयको विभिन्न मितिमा प्राप्त पत्र, प्रदेश सरकार प्रदेश नं. ५ बाट विभिन्न मितिमा सम्पन्न बैठकको निर्णय, निर्देशन समेतलाई मध्येनजर गरी यस बर्दिया जिल्लामा नोबेल कोरोना भाइरस(COVID-19) को संक्रमणको जोखिम नियन्त्रण, सुरक्षा, उपचार लगायतका कार्य गर्न गराउन देहाय बमोजिमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| १. | मित्र राष्ट्र भारतसंगको सीमानाबाट हुने आवागमनमा भएको नियन्त्रणलाई थप प्रभावकारी बनाउने | जिल्ला सुरक्षा समिति | सिमावर्ती क्षेत्रमा नगरपालिका/गाउँपालिका | निरन्तर |
| २. | सबै नगरपालिका/गाउँपालिकामा कम्तिमा १५ वेड/सैयाको क्वारेन्टाईन स्थल निर्माण गर्ने । स्वेच्छिक रुपमा क्वारेन्टाइन स्थल तथा Isolation कक्ष निर्माणका लागि विभिन्न कलेज, विद्यालय, होटल, संघ, संस्था, सर्वसाधारण समक्ष आह्वान गर्ने | सबै नगरपालिका/गाउँपालिका | विभिन्न संघ, संस्थाहरु | तत्कालै |
| ३. | बर्दिया अस्पताल र जिल्लास्थित प्राथमिक स्वास्थ्य केन्द्रहरुमा Isolation कक्ष थप गर्ने | सबै नगरपालिका/गाउँपालिका | स्वस्थ्य कार्यालय बर्दिया, बर्दिया अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रहरु | तत्कालै |
| ४. | प्रदेश सरकार, प्रदेश नं. ५ समक्ष देहाय बमोजिमको व्यवस्थाको लागि अनुरोध गर्ने,<br>क. PPE,<br>ख. स्वाप Collection को लागि तालिम व्यवस्था,<br>ग. संकलित नमूना परीक्षणको लागि समन्वयको व्यवस्था | जिल्ला प्रशासन कार्यालय | स्वास्थ्य कार्यालय | तत्कालै |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| | घ. शंकास्पद व्यक्तिको स्वाप Collection तथा परीक्षणबाट Positive देखिएका विरामीहरुको उपचारको लागि अस्पतालको व्यवस्था<br>ङ. क्वारेन्टाइन स्थल तथा Isolation वेड व्यवस्थापनका लागि बजेटको व्यवस्था<br>च. क्वारेन्टाइन स्थल, Isolation Bed तथा कोरोना भाइरस जोखिम नियन्त्रणका लागि प्रत्येक्ष रुपमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका लागि प्रोत्साहन व्यवस्था | | | |
| ५. | जिल्लास्थित सबै गाउँपालिका/नगरपालिकाहरुले देहाय बमोजिम गर्ने<br>क. कोरोना भाइरसको जोखिम नियन्त्रण, उपचार तथा अन्य अत्यावश्कीय व्यवस्थाका लागि तत्काल कोरोना भाइरस नियन्त्रण प्रतिकार्य योजना बनाइ कार्यान्वयन गर्ने ।<br>ख. अर्को व्यवस्था नभए सम्मका लागि क्वारेन्टाइन स्थल तथा Isolation कक्षमा राखिने व्यक्तिहरुको लागि खाने बस्ने लगायत आधारभुत सुविधाको उचित प्रबन्ध<br>ग. प्रत्येक वडामा वडाअध्यक्षको अध्यक्षतामा वडास्तरीय सचेतना अभियान सञ्चालन<br>घ. अत्यावश्यक सेवा(शान्ति सुरक्षा, बत्ती, संचार, अस्पताल, स्वास्थ्य सेवा, खाद्यान्न, खाना पकाउने ग्यास, खानेपानी, फोहोरमैला व्यवस्थापन, एम्बुलेन्स, दमकल, तरकारी, फलफूल, औषधी पसल) बाहेक अर्को सूचना नभए सम्मका | सबै नगरपालिका/गाउँपालिका | जिल्ला सुरक्षा समिति तथा PRT | तुरुन्त |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| | लागिसम्वन्धित उद्योग वाणिज्य संघ मार्फत अन्य उद्यम, व्यवसाय, व्यापारिक फर्म, बन्द गर्ने गराउने,<br>ङ. बर्दिया जिल्ला घर भई हाल भारत लगायत अन्य देशमा रहेका सर्वसाधारणहरुलाई जो जहा छन यथावत एवम् सुरक्षित अवस्थामा रहन तथा अर्को सूचना नभएसम्म नेपाल प्रवेश नगर्नका लागि सम्वन्धित व्यक्तिका आफन्त मार्फत जानकारी गराउने ।सो को लगत सम्बन्धित वडाध्यक्ष तथा वडा सदस्यहरूले राख्ने ।<br>च. आम सर्वसाधारणलाई अत्यावश्यक परेमा बाहेक घरबाहिर ननिस्कन, हिडडुल नगर्न, भेला जम्मा नहुन, साबुन पानीले नियमित हात धुन, सुरक्षित रुपमा घरमै Home क्वारेन्टाइनमा बस्न, नआत्तिन, त्रसित नहुन तर सचेत, सजग रहिरन आह्वान गर्ने | | | |
| ६. | भारत तथा अन्य देश हुँदै हालै नेपाल प्रवेश गरेका सबै सर्वसाधारणहरुलाई अनिवार्य रुपमा Home क्वारेन्टाइनमा बस्ने, त्यस्ता व्यक्तिहरुको लगत संकलन गरी निरन्तर अनुगमन गर्ने । | वडा अध्यक्षहरु | वडा सदस्यहरु, राजनीतिक दल, संघ सस्थाहरु | तुरुन्तै |
| ७. | कोही कसैलाई कोरोना भाइरसको संक्रमणको मिल्दोजुल्दो लक्षण देखिएमा तत्काल नजिकको क्वारेन्टाइन स्थलमा लैजाने, त्यस्ता व्यक्तिका परिवारका सदस्य तथा सम्पर्कमा रहेका व्यक्तिहरुको Tracking गरी जोखिममा रहेका व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने | PRT | जिल्ला सुरक्षा समिति | आवश्यकता अनुसार |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| ८. | कुनै टोल वा बस्ती वा वडा वा नगरपालिका/ गाउँपालिका क्षेत्रमा ठूलो संख्यामा संक्रमणको लक्षण देखिएमा त्यस्तो क्षेत्रलाई पूर्ण रुपमा लक डाउन गर्ने । लक डाउन अवधिभर गर्नु पर्ने कार्यको कार्यविधि बनाउने | जिल्ला समन्वय समिति | सम्वन्धित नगरपालिका/ गाउँपालिका | आवश्यकता अनुसार |
| ९. | अत्यावश्यक बस्तु तथा सेवाको सहज आपूर्तिको व्यवस्था मिलाउने । बजार अनुगमन गर्ने । कानूनको उल्लंघन गर्ने उपर कारवाही गर्ने । | जिल्ला प्रशासन कार्यालय | सम्वन्धित नगरपालिका/ गाउँपालिका, गैसस महासंघ, सबै उद्योग वाणिज्य संघ | निरन्तर |
| १०. | सार्वजनिक, सामुदायिक तथा नीजि सेवा प्रदायक निकाय/संस्थाहरुबाट प्रदान गरिने माथि उल्लेखित अत्यावश्यक सेवा बाहेकका अन्य सबै सेवाहरु यही चैत्र २१ गतेसम्म पूर्ण रुपले बन्द गर्ने । | जिल्ला सुरक्षा समिति | सम्वन्धित नगरपालिका/ गाउँपालिका, गैसस महासंघ, सबै उद्योग वाणिज्य संघ | निरन्तर |
| ११. | कोरोना भाइरसको संक्रमणको जोखिम न्यूनिकरण तथा नियन्त्रणका लागि स्थानीय एफ एम रेडियो लगायतका संचार माध्यम मार्फत व्यापक रुपमा प्रचार प्रसारका लागि अनुरोध गर्ने । कोरोना भाइरसको संक्रमण सम्वन्धमा कुनै पनि गलत सूचना संप्रेषण तथा अफवाह नफैलाउन सर्बसाधारणलाई अनुरोध गर्ने । यस प्रकारको गरेको पाइएमा कानून बमोजिम कारवाही गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै नगरपालिका, गाउँपालिका, सबै संचार माध्यमहरु, | निरन्तर |
| १२. | समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत कोरोना संक्रमण जोखिम नियन्त्रणका लागि थप प्रचार प्रसार गर्ने | जिल्ला प्रहरी कार्यालय | सबै नगरपालिका, गाउँपालिका, | निरन्तर |
| १३. | संक्रमणको संकास्पद व्यक्ति वा विरामी देखिएमा क्वारेन्टाइन स्थल वा Isolation स्थलमा पुर्याउन तथा आवश्यक सुरक्षा | स्वास्थ्य कार्यालय | जिल्ला प्रशासन कार्यालय, सबै नगरपालिका, गाउँपालिका, | तत्काल |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| | प्रबन्धमा लागि देहाय बमोजिम PRT गठन गरी व्यवस्थापन गर्ने ।<br>क. प्रमुख, स्वास्थ्य कार्यालय बर्दिया संयोजक<br>ख. स्वास्थ्य शाखा प्रमुख, सम्बन्धित न.पा/गा.पा. सदस्य<br>ग. प्रमुख, सम्वन्धित इलाका प्रहरी कार्यालय सदस्य<br>घ. प्रमुख, सम्वन्धित युनिट इन्चार्ज, सशस्त्र प्रहरी बल नेपाल सदस्य | | जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल | |
| १४. | कोरोना भाइरसबाट प्रभावित वा संकास्पद व्यक्ति देखिएमा PRT लाई सम्पर्क गर्ने । | वडा अध्यक्ष, | PRT | निरन्तर |
| १५. | समग्र कामको अनुगमन मुल्याङ्कन तथा थप व्यवस्थाका लागि कोरोना भाइरस संक्रमण जोखिम नियन्त्रणका लागि देहाय बमोजिम समन्वय समिति गठन गर्ने ।<br>क. संयोजकः प्रमुख जिल्ला अधिकारी<br>ख. सदस्यः जिल्ला सुरक्षा समितिका सदस्यहरु<br>ग. सदस्यः जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति<br>घ. सदस्यः सबै नगरपालिका/गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत<br>ङ. सदस्यः सबै नगरपालिका/गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख<br>च. सदस्यः मे.सु., बर्दिया अस्पताल<br>छ. सदस्य सचिवः वरिष्ठ जनस्वास्थ्य प्रमुख, स्वास्थ्य कार्यालय बर्दिया | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, सबै नगरपालिका, गाउँपालिका, बर्दिया अस्पताल, स्वास्थ्य कार्यालय | निरन्तर |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| १६. | प्रतिवेदन व्यवस्था | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, सबै नगरपालिका, गाउँपालिका, बर्दिया अस्पताल, स्वास्थ्य कार्यालय, PRT | निरन्तर |